बैठक नं.५

आज मिति २०८२/०८/२५ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउसो १ : ०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | [signature] |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | [signature] |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | [signature] |
| ५ | विष्णु ढकाल | सदस्य | [signature] |
| ६ | नरिश्वर शर्मा | सदस्य | [signature] |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | [signature] |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | [signature] |
| ९ | पदमराज गाहा | सदस्य | [signature] |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | [signature] |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | [signature] |
| १२ | बल बहादुर पुन | सदस्य | [signature] |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | [signature] |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | [signature] |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | तुलसा अर्याल | नि.प्रमुख प्रशासकीय अधिकृत | |

आई प्रसाद राई - का.वा.वडाध्यक्ष - १

**प्रस्ताव नं. ५.१**
मिति २०८२/०७/३० मा बसेको नगरकार्यपालिकाको चौथो बैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
**निर्णय नं. ५.१**

- बुटवल उपमहानगरपालिकाको बाआमासंग नगरप्रमुख स्वास्थ्य जाँच सम्बन्धी कार्यविधि, २०८१ माथि पहिलो संशोधन गर्ने गरी निर्णय लिइएको ।
- वडा नं. १ निवासी आचल श्रेष्ठ सूचक भई दर्ता गरेको मृत्युदर्ता रद्द गर्नका लागि प्रमुख जिल्ला अधिकारी रुपन्देही समक्ष सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिकाको बुटवल मण्डपमा पौष महिनामा औधोगिक मेला संचालन गर्नका लागि चार वटा व्यावसायिक संस्थाहरुलाई तालिका तोकी सोही बमोजिम हुने गरी अनुमति दिने निर्णय गरिएको ।
- स्थानीय पूर्वाधार विकास विभाग हरिहर भवन ललितपुरमा योजना तथा कार्यक्रम फिर्ता पठाउने गरी भएको निर्णय अनुमोदन गरिएको ।
- क्रमागत योजनाहरुको म्याद थप गर्ने गरी भएको निर्णय अनुमोदन गरिएको ।
- रुट इजाजत प्राप्त गरेका स्थानीय सवारी साधनहरु मात्र संचालनमा ल्याउने र ट्राफिक नियम पालन गर्नका लागि सन्देशमूलक सूचना प्रवाह गर्ने गरी भएको निर्णय अनुमोदन गरिएको ।
- जेनजी आन्दोलनका क्रममा विद्युतीय रिक्सा सम्बन्धी जलेका कागजातहरुलाई राजस्व शाखाबाट पुन: संकलन गरी व्यवस्थापन गर्नका लागि आवश्यक निर्णय लिइएको ।
- विद्युतीय रिक्साहरुको तालिका बनाई चेकजाँच गर्ने तथा जितगढी किल्लाको प्रर्वधन गर्ने विद्युतीय रिक्साहरुलाई प्राथमिकतामा राखी प्रोत्साहन वापत ज्याकेट वितरण गर्नका लागि आवश्यक प्रकिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- बुटवल ६ स्थित पुरानो बसपार्कमा रहेको कृषि उपज थोक बजार बुटवल उपमहानगरपालिकाको मातहतबाट संचालन हुने गरी निर्देशिका र कार्यविधिमा संशोधन गर्न तथा बुटवल उपमहानगरपालिकालाई हस्तान्तरण गर्न कृषि विकास मन्त्रालयमा लेखी पठाउने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिका वडा नं. १४ साविक सेमलार न.नं. ८ क कि.नं. ७३, १२२, १२३ र १६१ मध्येको गाँउब्लक जग्गाको नापी कार्यालय, रुपन्देहीका प्राविधिकबाट नापनक्शा गराउनका लागि आवश्यक निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको अधिकृतस्तर छैटौं तहमा कार्यरत कमश: राजु प्रसाद लामिछाने र दामोदर अर्यालले घरायसी कारण दर्शाई मिति २०८२।०८।०१ गते देखि लागु हुने गरी कार्यरत पदबाट दिएको राजीनामा स्वीकृत गरिएको ।
- यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री मित्रमणी खनाललाई मिति २०८२।०८।१५ गते देखि ऐ. मंसिर २९ गते (December 1-

15, 2025) सम्म जनवादी गणतन्त्र चीनमा हुने "Seminar on school projects for Nepal Project Profile" विषयक कार्यक्रममा सहभागी हुनका लागि मनोनयन गर्ने गरि निर्णय लिइएको ।

- बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका विद्यालयहरुको प्रवेशद्धार आसपासमा धुम्रपानजन्य वस्तु र सामानहरुको विक्री वितरण भएको भएमा हटाउन लगाउने गरी निर्णय लिइएको ।
- छाडा चौपाया, निलगाई र बादर नियन्त्रणका लागि समन्वय सहजिकरण र विज्ञ सहितको आवश्यक सहयोग उपलब्ध गराइदिनका लागि नेपाल सरकार वन विभाग मार्फत सम्बन्धित निकायहरुमा अनुरोध गर्ने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका नदी, नाला खोल्साहरुको आय ठेक्का बन्दोबस्ती जस्ता प्रयोजनका लागि आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) लगायतका कार्य प्रकियाहरु अगाडि बढाउने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिका वडा नं. १४ निवासी रिमकला पाण्डेलाई सहयोग उपलब्ध गराउने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं. ५.२**

**नगरसभाको १८ औ अधिवेशन बस्नका लागि मिति तोक्ने सम्बन्धमा ।**

**निर्णय नं. ५.२**

बुटवल उपमहानगरपालिकाको नगरसभाको १८ औ अधिवेशन देहायको मिति, समय र स्थानमा बस्ने गरी आवश्यक तयारी गर्ने निर्णय गरियो ।

मिति :- २०८२।०९।०९ गते बुधबार ।

समय :- दिनको २:०० बजे ।

स्थान :- बुटवल उपमहानगरपालिकाको सभाहल ।

**प्रस्ताव नं. ५.३**

हाटबजार शपिङ्ग कम्प्लेक्सका सटरहरुको आयठेक्का बन्दोबस्ती अध्ययन गरी मात्र अगाढी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५.३**

बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेका हाटबजार शपिङ्ग कम्प्लेक्सका १ देखि ८८ नं. सम्मका सटरहरुको सम्झौता अवधि २०८२ मंसिरमा समाप्त भएको हुँदा सो संम्बन्धमा थप अध्ययन आवश्यक भएको हुँदा सोही अनुसार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.४**
कवाडीजन्य सामग्री संकलन तथा निकासीको पुन: ठेक्का आव्हानका लागि न्यूनतम कबोल अंक तोक्ने सम्बन्धमा ।

**निर्णय नं. ५.४**
बुटवल उपमहानगरपालिका क्षेत्रभित्र कवाडीजन्य सामग्री संकलन तथा निकासीको लागि आयठेक्का मार्फत न्यूनतम कबोल अंक वार्षिक रु ८६,५०,६६८।-(छयासी लाख पचास हजार छ सय अड्सठ्ठी रुपैंया मात्र) राखी अनलाइन मार्फत तीनपटकसम्म टेण्डर आहान गर्दा समेत बोलपत्र पेश नभएकाले कवाडीजन्य सामग्री संकलन तथा निकासीको न्यूनतम कबोल अंक रु ८६,५०,६६८।-(छयासी लाख पचास हजार छ सय अड्सठ्ठी रुपैंया मात्र) को १० प्रतिशत कम गरी वार्षिक रु. ७७,८५,६०२।-(सतहत्तर लाख पचासी हजार छ सय दुई रुपैंया मात्र) कायम गर्न बुटवल उपमहानगरपालिका नगरकार्यपालिकामा सिफारिस गर्ने भनि मिति २०८२/०८/१६ मा बसेको राजस्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा परामर्श समितिबाट पेश भई आए बमोजिमको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.५**
कवड्डी प्रतियोगिता २०८२ सञ्चालनका लागि प्रस्तावित दररेट स्वीकृत एवं अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. ५.५**
नगरपालिका विद्यालयस्तरीय कवड्डी प्रतियोगिता- २०८२ सञ्चालनका लागि आवश्यक खर्च सम्वन्धी मिति २०८२।८।२२ मा स्वीकृत नगरप्रमुखस्तरीय प्रस्तावलाई स्वीकृत एवं सर्मथन गर्न निर्णय गरियो ।
**प्रस्ताव नं. ५.६ विविध ।** अन्डरपास
**प्रस्ताव नं. ५.६.१ ~~टनेल निर्माण~~ सम्बन्धमा ।**
**निर्णय नं. ५.६.१**
यस बुटवल उपमहानगरपालिका अन्तर्गत रहेको तिनाउँ नदीमा सिग्नेचर वृजको निर्माण हुन गईरहेको छ । तिनाउँ पूलको पूर्वमा सिग्नेचर वृजको अवधारणा आउदाका अवस्था देखि नै टनेलको समेत आवश्यक्ता महशुस भइरहेको थियो । काठमाडौ कालीमाटी पछिको दोस्रो ठुलो हाटबजार मानिएको बुटवलको हाटबजारसंग नजिकको पहुँचमा रहेका विकासपथ, राधाकृष्ण पथ, सब्जीमण्डी, मन्दिर, मस्जिद र विद्यालयहरुमा दैनिक दशौं हजार मानिस आवतजावत गर्ने र कृषि मण्डीबाट कालिकापथ हुदै जोगीकुटीसम्मको निकास समेतका लागि तिनाउँ पुलको पूर्वमा टनेलको (अन्डरपास) अत्यन्त ठुलो स्थानीय आवश्यक्ता भएको र सो विषय पटक / पटक नगरस्तरीय व्यावसायिक संघसंस्था, टोलविकास

संस्थाहरु, आमा समुहहरु, कृषकहरु र वडावासीहरुबाट समेत माग भइरहेको हुँदा सिग्नेचर वृजको निर्माण कार्यको लागि प्राविधिक स्टीमेट हुँदा टनेल निर्माणको समेत स्टीमेट सोही प्याकेजमा समावेश गरी सोही अनुसार बजेट व्यवस्था गरी कार्यान्वयन प्रकिया अगाडि बढाउन नेपाल सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.६.२**
उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं. ५.६.२**
बुटवल उपमहानगरपालिकाबाट रुट इजाजत लिई सञ्चालनमा रहेको विद्युतीय रिक्सा बु.उ.म.न.पा दर्ता नं. ९७१ का चालक अशोक कुमार कार्किको मिति २०८२।०८।०६ मा सडक दुर्घटना भएको भनि निवेदन, अस्थायी प्रहरी चौकी देवीनगरको रिपोर्ट, नागरिकता प्रमाणपत्रको छाँयाप्रति, अस्पतालमा उपचाररत फोटो, सवारी साधनको फोटो, सवारी साधन अनुमतिपत्रको छाँयाप्रति बु.उ.म.न.पा बाट रुट इजाजत लिएको बुकको छाँयाप्रति सहित प्राप्त हुन आएको निवेदनका आधारमा स्थानीय सवारी साधन व्यवस्थापन सञ्चालन र नियमन ऐन, २०८२ को परिच्छेद ५, (२०) को व्यवस्था बमोजिम राहत कोषको व्यवस्था भएकोले निवेदक अशोक कुमार कार्किको सवारी दुर्घटना भएकोमा स्वास्थ्य उपचार खर्चका लागि बु.उ.म.न.पा बाट रु २५,०००। (अक्षरुपी पच्चीस हजार मात्र) प्रदान गर्न नगरकार्यपालिकामा सिफारिस गर्ने भनी मिति २०८२।०८।२५ मा बसेको स्थानीय सवारी साधन व्यवस्थापन समितिको वैठकबाट सिफारिस भई आएको हुँदा पेश भए बमोजिमको स्वास्थ्य उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।